# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


**खण्डः ६ संख्याः २२ कार्यपालिकाबाट पारित मितिः २०८०।०८।११**

**प्रमाणिकरणः२०८०।०८।१२**

**प्रकाशन मितिः २०८०।०८।१३**


## भाग-२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः** प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरूको अनुशरण गर्दै सहकारी संघ संस्थाले गर्ने कारोबारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संघ संस्थाहरूको संचालन, विषय परिवर्तन, लेखापरीक्षण, कार्यक्षेत्र पुन निर्धारण तथा अनुगमन लगायतका कार्यहरूलाई व्यवस्थित गर्न ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो मापदण्ड लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "सहकारी संघ संस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड तुरून्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ लाई जनाउनेछ ।


ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(ख) "कार्यक्षेत्र" भन्नाले सहकारी संघ संस्थालाई कारोबार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ग) "बचत "भन्नाले ब्याज दिने गरी सहकारी संघ संस्थामा सदस्यहरूले नियमित वा आवधिक वा ऐच्छिक रूपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरूका नाबालिग बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(घ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्था संघको शेयर पूँजी र जगेडा कोषको रकमलाई जनाउनेछ ।

(ङ) "पूँजी कोष" भन्नाले सहकारी संस्था वा संघको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ र सो शब्दले कार्यालयले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(च) "पूरक पूँजी कोष" भन्नाले संघ संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, ऋण नोक्सानी व्यवस्था कोष, स्थीरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(छ) "मापदण्ड" भन्नाले सहकारी संघ संस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८० लाई जनाउनेछ ।

(ज) "दर्ता अधिकारी" भन्नाले ऐनको दफा ६९ बमोजिम दर्ता गर्ने अधिकारीलाई जनाउनेछ ।

(झ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्था वा संघको विनियमलाई जनाउनेछ ।

(ञ) "शेयर पूँजी" भन्नाले सहकारी संस्था संघको चुक्ता शेयर पूँजीलाई जनाउनेछ ।

(ट) "संघ" भन्नाले ठाकुरबाबा विशिष्टीकृत सहकारी संघलाई जनाउनेछ ।

(ठ) "संस्था" भन्नाले यस नगरपालिकालाई मात्र कार्यक्षेत्र बनाई कार्यरत सहकारी संस्थालाई जनाउनेछ ।

(ड) "सदस्य" भन्नाले सहकारी संघ संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

(ढ) "समिति" भन्नाले सहकारी संघ संस्थाको विनियम बमोजिमका सञ्चालक समिति लगायतलाई जनाउनेछ ।

(ण) "साधारण सभा" भन्नाले सहकारी संघ संस्था को नियमित वार्षिक साधारणसभा तथा नियमानुसार बस्ने विशेष साधारणसभा समेतलाई जनाउनेछ ।

(त) "सहकारी सञ्जाल" भन्नाले ठाकुरबाबा नगरपालिकाको सहकारी सञ्जाललाई जनाउनेछ ।

(थ) "कुल पूँजी कोष" भन्नाले शेयर पूँजी, जगेडा कोष, अन्य कोष र असल ऋण नोक्सानी व्यवस्थाको कुल योगलाई जनाउनेछ ।

## परिच्छेद -२
## सहकारी संस्थाको नाम र नाम परिवर्तन

### ३. सहकारी संस्थाको नाम सम्बन्धी मापदण्डः

(१) संस्थाको नाममा "बैंक", "फाइनान्स", "इन्भेष्टमेण्ट", "डेभलपमेण्ट" तथा "वित्तीय संस्था" वा "कम्पनी" जनाउने शब्दहरू प्रयोग गर्न पाइने छैन । यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए संस्थाले यस्तो नाम परिवर्तन गर्नुपर्नेछ ।

(२) नगरपालिकाभित्र एउटा नामको एक मात्र सहकारी संस्था रहनेछ । यो मापदण्ड प्रारम्भ भए पश्चात् सहकारी संस्था दर्ता गर्दा नगरपालिकाको नियमन क्षेत्राधिकारमा रहेका संस्थाहरूसँग नाम नजुध्ने गरी संस्था दर्ता गर्नुपर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड २०८०

(३)संस्थाको नाममा कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लिखित गर्न पाइने छैन ।

(४)तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्यक्षेत्र जनाउने नाम राख्न पाइने छैन ।

(५)संचालनमा रहेका अन्य संस्थाहरूको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शब्द जोडी संस्थाको नामाकरण गर्न पाइने छैन ।

(६)संस्थाको नाम देवनागरी लिपीमा लेखिने नेपाली भाषामा हुनुपर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लिखित गर्न पाइने छैन ।

(७)प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तीमा दुई अक्षरको हुनुपर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन ।

(८)संस्थाको नाममा संस्थालाई चिनाउने विशेष नाम, व्यवसायिक विषय चिनाउने नाम र सहकारी संस्था लिमिटेड अनिवार्य रूपमा राखिएको हुनुपर्नेछ । यसअघि विशेष नाम तथा व्यवसायिक विषय चिनिने नाम उल्लिखित नगरिएका संस्थाहरूले यो मापदण्ड जारी भएपछि लगतै बस्ने साधारण सभाबाट निर्णय गरी विशेष नाम वा विषय थपी नामलाई पूर्णता दिनुपर्नेछ ।

४. **<u>संस्थाको नाम परिवर्तनको प्रक्रिया र कार्यविधिः</u>**

(१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति दिइने छैन ।

(२) विशेष नाम वा विषय उल्लिखित गर्ने प्रयोजन वा विषय परिवर्तन गर्ने प्रयोजन र संस्था एकिकरण भई नयाँ नाम राख्न चाहेमा दर्ता अधिकारीले नाम परिवर्तन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ । तर विषय परिवर्तन गर्ने संस्थाले विशेष नाम परिवर्तन गर्न पाउने छैन ।

(३) उपदफा (२) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएमा सहकारी संस्थाहरूले उपयुक्त संचार माध्यमबाट सार्वजनिक सूचना प्रवाह गरी सबै सदस्यहरू र सरोकारवालाहरूलाई अनिवार्य रूपमा नाम परिवर्तन भएको व्यहोरा जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशित गर्दा नाम परिवर्तन भएपछि साविक नामबाट गरिएको कारोबारको जिम्मेवारी नाम परिवर्तन हुने संस्थामै रहने कुरा समेत सूचनामा उल्लिखित गर्नुपर्नेछ ।

## <u>परिच्छेद -३</u>

## <u>सहकारी संस्थाको विषय परिवर्तन</u>

५. **<u>सहकारी संस्थाको विषय परिवर्तन सम्बन्धी मापदण्डः</u>**

(१)नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने बचत तथा ऋण सहकारी संस्थाहरू, उत्पादक र उपभोक्ता प्रकृतिका विषयगत सहकारी संस्थाहरू एवं बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाहरूले आफ्नो विषय अनुसार कारोबारको प्रकृति मिलाउन अथवा संस्था स्वयंको आवश्यकता अनुसार एक विषयबाट अर्को विषयमा रूपान्तरण हुन सक्नेछन् ।

(२)उपदफा (१) बमोजिम विषय परिवर्तन गर्दा संस्थाको कार्य क्षमता, सदस्यहरूको आवश्यकता, व्यवसायिक सम्भाव्यता समेतको आधारमा निश्चित प्रक्रिया अनुसार हालको विषयलाई परिवर्तन गरी सहकारी संस्थाहरू अर्को विषयमा रूपान्तरण हुनुपर्नेछ ।

(३)सहकारी संस्थाहरू देहाय बमोजिम एक विषयबाट अर्को विषयमा रूपान्तरण हुन सक्नेछन्:-

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था दर्ता अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

क) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट बचत तथा ऋण बाहेक अन्य विषयगत सहकारी संस्थामा वा बहुउद्देश्यीय सहकारी संस्थामा ।

ख) बचत तथा ऋण बाहेक एक विषयको अन्य विषयगत संस्थाबाट बचत तथा ऋण बाहेक नै अर्को विषयको अन्य विषयगत सहकारी संस्थामा ।

**(४) विषय परिवर्तन गर्न चाहने सहकारी संस्थाहरूले निम्न अनुसारको प्रक्रिया पूरा गर्नुपर्नेछः-**

(क) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट बचत तथा ऋण बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थामा रूपान्तरण हुनः-

१. जुन विषयमा कारोबार गर्ने हो सोही विषयसँग सम्बन्धित उद्देश्य तथा कामहरू राखी विनियम संशोधन गर्ने ।

२. आवधिक र ऐच्छिक बचत बापत संकलन गरेको बचत सम्बन्धित सदस्यहरूलाई फिर्ता गर्ने तथा रूपान्तरण भएपछि सो प्रकृतिको बचत संकलन नगर्ने व्यवस्था गर्ने |

३. मुख्य व्यवसायिक कारोबार र बचतको संरचना तयार गरी तोकिएको सीमा कायम रहने गरी सदस्यहरूको नियमित बचत मात्र संकलन गर्ने व्यवस्था मिलाउने ।

४. सदस्यको बचत फिर्ता समेत गरी कारोबारमा बचतको हिस्सा र मुख्य कारोबारको हिस्सा समेत देखिने गरी वित्तीय प्रक्षेपण सहितको विवरण तयार गरी १ वर्ष भित्र कारोबार मिलान गरिसक्ने प्रतिवद्धता पेश गर्ने ।

५. बहुउद्देश्यीय सहकारी संस्थामा रूपान्तरण हुने भए सदस्य उत्पादन खरिद र सदस्यलाई उपभोग्य वस्तु विक्री सहितको मुख्य कारोबार राखी विनियम संशोधन गर्ने ।

६. माथि उल्लिखित प्रावधानहरूको आवश्यकता अनुसार विनियममा व्यवस्था गरी तथा प्रस्ताव समेत तयार गरी साधारणसभाको बहुमतले पारित गरेको हुनुपर्नेछ ।

५) बचत तथा ऋण बाहेक एक विषयको अन्य विषयगत सहकारी संस्थाबाट बचत तथा ऋण बाहेक नै अर्को विषयको अन्य विषयगत सहकारी संस्थामा वा बहुउद्देश्यीय सहकारी संस्थामा रूपान्तरण हुन रूपान्तरित हुने विषय अनुसारको काम वा बहुउद्देश्यीय प्रकृतिको काम विनियममा राखी विनियम संशोधन गर्नुपर्नेछ ।

६) विषय परिवर्तन गर्न इच्छुक सहकारी संस्थाले उपदफा (४) बमोजिमको कागजातहरू तयार गरी र आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपिहरू सहित निर्णय भएको पैंतीस दिनभित्र दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले कागजातहरूको अध्ययन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी सम्पूर्ण प्रक्रिया पूरा भएको भए कागजात प्राप्त भएको तीस दिनभित्र विषय परिवर्तनको स्वीकृति सहित विनियम संशोधन स्वीकृत गरिदिनेछ।

(८) उपदफा (२) बमोजिम कागजातहरूको अध्ययनका क्रममा तथा स्थलगत निरीक्षणका क्रममा विषयवस्तुसँग सम्बन्धित थप कागजात एवं जानकारी माग भएमा उपलव्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(९) उपदफा (७) बमोजिम विषय परिवर्तनको स्वीकृति पाएपछि संस्थाले विषय परिवर्तन भएको व्यहोराको जानकारी सदस्य एवं सरोकारवालाहरूलाई सार्वजनिक सूचनाको माध्यमबाट गराउनुपर्नेछ |

## परिच्छेद -४

## शेयर पूँजी र बचत परिचालन

### ६. शेयर पूँजी सम्बन्धी मापदण्डः

(१) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम संस्थाको विनियममा उल्लिखित गर्नुपर्नेछ ।

(२) संस्थाको विनियममा उल्लिखित भएको कूल शेयर पूँजी चुक्ता शेयर पूँजीको बढीमा ५ गुणासम्म हुनुपर्नेछ ।

(३) संस्थाले सबै बचतहरूमा निर्धारित ब्याजदर बमोजिम ब्याज दिनुपर्नेछ ।

तर एकै प्रकृतिको खातामा एकै समयमा विभिन्न सदस्यहरूबाट सङ्कलित बचतको ब्याजदरमा फरक पर्ने गरी ब्याज प्रदान गर्न पाइने छैन ।

(४)संस्थामा प्राथमिक पूँजीकोष र बचत दायित्वको अनुपात १:१५ हुनुपर्नेछ ।

(५)शेयर पूँजीकोषको दश गुणासम्म बचत सङ्कलन गर्नुपर्नेछ ।

(६)व्यक्तिगत बचत सीमा तीसलाख भन्दा बढी बनाउन पाइने छैन ।

**७. लेखा राख्ने प्रणालीः** संस्थाका सदस्यहरू बीच लाभांश वितरण प्रयोजनको लागि नगद आधार (Cash Basis) मा ब्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधार (Accrual Basis) मा कारोबारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसाबमा खर्च लेखी ब्याज मुल्तवी हिसाब (Interest Suspense A/C) मा जम्मा गर्ने व्यवस्था गर्नुपर्नेछ ।

### ८. ऋण लगानीका लागि प्रक्रियाः

(१) संस्थाले आफ्नो सदस्यलाई उपलव्ध स्रोत, जोखिम विश्लेषण एवं संस्थाको कूल पूँजी कोषको आधारमा ऋण प्रदान गर्नुपर्नेछ । यसरी ऋण प्रवाह गर्दा प्रति सदस्य कूल पूँजी कोषको बढीमा दश प्रतिशत मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउनु पर्नेछ र मूलतः संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नुपर्नेछ । ऋण लगानी पश्चात् लगानी र प्रतिफल प्राप्त भए नभएको निरन्तर निगरानी र अनुगमन गरी सोको प्रतिवेदन सञ्चालक समितिमा छलफल गर्नुपर्नेछ ।

(३) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्नेछ ।

तर, संस्थाले जेथा जमानी नभएका सदस्यहरूलाई कुनै वा केही सदस्यहरूको बचत रकम धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम सामुहिक जमानीमा लघु ऋण लगानी गर्न बाधा पर्ने छैन

(४)ऋण लगानी गर्दा ऋण माग फारामको उपयोग, शेयर सङ्ख्या, बचत कारोबार, तिर्न सक्ने क्षमता, धितो मुल्याङ्कन प्रक्रिया, ऋण उपसमितिको सिफारिस वा स्वीकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्बन गरी ऋण प्रदान गर्नुपर्नेछ ।

(५)संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको ऋणलाई थाम्ने गरी जेथा (Primary Collateral) धितो राखेर मात्र ऋण लगानी गर्नुपर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(६)संस्थाबाट प्रवाहित हुने सबै प्रकारका ऋण लगानीमा कूल परियोजना लागतको बढीमा ७० प्रतिशत अंश संस्थाबाट र घटीमा ३० प्रतिशत अंश ऋणी सदस्यको स्व-पूँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरूलाई घरजग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्था वा संघले कूल ऋण लगानीको २५ प्रतिशतमा नबढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नुपर्नेछ ।

(७) रू. १० लाख भन्दा माथिको कूल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकनकर्ताहरूबाट र अन्यमा कुनै एक सञ्चालक, ऋण उपसमिति सदस्य र व्यवस्थापकको सामूहिक टोलीले मूल्यांकन गर्नुपर्नेछ।

(८) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।

(९) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रूपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

(१०)संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाब गर्नुपर्नेछ । ब्याज पूँजीकरण गर्न पाइने छैन ।

(११) धितो बापतको सम्पत्ति संघ संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराई राख्नु पर्नेछ । सञ्चालक वा अन्य कुनै व्यक्ति नाममा राख्न पाइने छैन ।

(१२) संस्थाका सञ्चालक तथा लेखा समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरूलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन ।

(१३) संस्थाको सञ्चालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण मासिक रूपमा दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(१४) संस्थाको निष्क्रिय कर्जा (Non Performing Loan) कुल कर्जाको पाँच प्रतिशतभन्दा कम कायम गर्नुपर्नेछ ।

(१५)संस्थाको नकमाउने सम्पत्ति (Non Performing Assets) जस्तैः घर,जग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाताको रकम लगायत कुल सम्पत्तिको पाँच प्रतिशतभन्दा कम कायम गर्नुपर्नेछ ।

(१६) सदस्यहरूलाई एकै अवधिमा ऋण लगानी गर्दा फरक ब्याजदर कायम गर्न पाइने छैन ।

(१७)संस्थाले एकलाखभन्दा बढीको ऋण लगानी गर्दा सामूहिक जमानी वा व्यक्तिगत धन जमानी वा धितो लिएर मात्र गर्नुपर्नेछ ।

(१८) ऋणको क्षेत्रगत वर्गीकरण गर्नुपर्नेछ ।

(१९)महामारी वा विपदको समयमा बाहेक ऋणको पुर्नतालिकीकरण र पुर्नसंरचना गर्न पाइने छैन ।

(२०) प्रवाह भएको कुल ऋणको कम्तीमा एकाउन्न प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यवसायमा लगानी गर्नुपर्नेछ ।

१. **<u>ऋणको वर्गीकरणः</u>** संघ वा संस्थाले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा संस्थाहरूको हकमा देहाय बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| ऋणको वर्गीकरण | भाका नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण | भाका ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्ष सम्म | ३५ प्रतिशत |
| खराब ऋण | १ वर्ष भन्दा बढी | १०० प्रतिशत |

## १०. पेश्की लिन नपाइनेः

(१) संस्थाका सञ्चालक, व्यवस्थापक र लेखासमितिका पदाधिकारीहरूलाई काम र पेश्की फर्छ्यौट समयसीमा नतोकी पेश्की दिन पाइने छैन ।

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(२) उपदफा (१) विपरीत व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम ब्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

**११. तरलता तथा आर्थिक स्रोत परिचालन सम्बन्धी व्यवस्थाः**

(१) बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने प्रत्येक संस्थाले कूल बचत रकमको कम्तीमा १५ प्रतिशत रकम तरलता नियमित राख्नु पर्नेछ भने अन्य संस्थाले न्यूनतम १० प्रतिशत तरलता नियमित राख्नु पर्नेछ । उक्त सीमाभन्दा न्यून तरलता भएमा व्यवस्थापकले सञ्चालक समितिलाई तुरून्त जानकारी गराउनु पर्नेछ ।

(२) नगद मौज्दात, बैंक मौज्दात,सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैंक तथा बचत तथा ऋण सहकारी संघमा रहेको बचत रकमलाई तरलताको रूपमा गणना गरिनेछ ।

(३) प्रत्येक हप्ताको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नुपर्नेछ । यो गणना आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

(४) तरलता व्यवस्थापनमा सञ्चालक समिति र व्यवस्थापक जिम्मेवार हुनेछन् ।

(५) संस्थाले तोकिए बमोजिमको तरलता व्यवस्थापन नगरी लाभांश वितरण गर्न पाउने छैन । उक्त तरलता व्यवस्थापन नगरी लाभांश वितरण गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी जगेडा कोषमा दाखिला गर्नुपर्नेछ ।

(६) संघ संस्थाले अस्पताल, विद्यालय, क्याम्पस, होटल व्यवसाय, पेट्रोल पम्प लगायतका परियोजना सञ्चालन गर्ने उद्देश्य तथा कार्यहरू विनियममा समावेश नगरी लगानी गर्न पाइने छैन ।

(७) संस्थाले सदस्यको बचत रकम परिचालन गरी उपदफा (६) बमोजिमका परियोजनामा लगानी गर्नुहुँदैन । यस्ता परियोजनामा बाह्य ऋण कुल सम्पत्तिको पाँच प्रतिशतमा नबढ्ने गरी गर्नुपर्नेछ ।

(८) संस्थाले स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद गर्न पाइने छैन ।

## परिच्छेद-५

## सहकारी संघ संस्थाको अनुगमन तथा निरीक्षण

**१२. नगरपालिकास्तरीय अनुगमन तथा निरीक्षण समितिः**

(१) सहकारी संघसंस्थाहरूको अनुगमन तथा निरीक्षणका लागि देहाय बमोजिमको नगरपालिकास्तरीय अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| दर्ता गर्ने अधिकारीः | संयोजक |
| सहकारी सञ्जालको अध्यक्षः | सदस्य |
| योजना अधिकृतः | सदस्य |
| आन्तरिक लेखा परीक्षकः | सदस्य |
| सहकारी हेर्ने कर्मचारीः | सदस्य सचिव |

ठाकुरबाबा नगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(२) उपदफा (१) बमोजिमको सहकारी अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुगमन गर्ने संघ संस्थाहरूको पहिचान, अनुगमन तथा कैफियत सुधारका विधिहरू तयार गर्ने ।

(ख) अनुगमन टोली निर्माण गरी परिचालन गर्ने ।

(ग) संघ तथा प्रदेशका अनुगमन टोली वा समितिलाई आवश्यक सहयोग र समन्वय गर्ने ।

(घ) अनुगमन प्रतिवेदनमा देखिएका व्यहोराहरूमाथि आवश्यक छलफल गरी निर्देशन दिने ।

(ङ) अनुगमनका क्रममा ऐन बमोजिम कुनै कसूर गरेको पाइएमा ऐन बमोजिम सजाय तथा जरिवानाका लागि दर्ता अधिकारी समक्ष सिफारिस गर्ने ।

(च) अनुगमन प्रतिवेदन छलफलका लागि कार्यपालिकामा पठाउने ।

(छ) अनुगमन सम्बन्धी अन्य कार्य गर्ने ।

१४. <u>सहकारी संस्थाको अनुगमन सम्बन्धी व्यवस्थाः</u>

(१) ऐन तथा प्रचलित सहकारी कानूनहरूमा भएका व्यवस्थाका अतिरिक्त सहकारी संघसंस्थाहरूको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था यस मापदण्ड बमोजिम हुनेछ ।

**(२) नियमित अनुगमनः** सहकारी संघसंस्थाहरूको नियमित अनुगमन देहाय बमोजिम हुनेछः-

(क) सहकारी संघ संस्थाको नियमित अनुगमन गर्दा अनुसूची- १ बमोजिमको अनुगमन निरीक्षण फाराम भरी सोको आधारमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(ख) नियमित अनुगमन सम्पन्न गरेपछि सोको ७ दिनभित्र लिखित अनुगमन प्रतिवेदन दिनुपर्नेछ ।

(ग) उपखण्ड (ख) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा दिइएका सुझावहरू कार्यान्वयन गर्नु गराउनु सम्बन्धित संघ संस्थाको कर्तव्य हुनेछ ।

(घ) स्थलगत अनुगमनका अतिरिक्त संघसंस्थाबाट प्रतिवेदनहरू तथा सूचनाहरू माग गरी सो को माध्यमबाट समेत संघसंस्थाहरूको कामकारबाहीको नियमित अनुगमन गरी सुझाव दिन सकिनेछ । यसरी प्राप्त निर्देशनको समेत कार्यान्वयन गरी प्रगित विवरण पेश गर्नु सम्बन्धित संघ संस्थाको कर्तव्य हुनेछ ।

(ङ) नियमित अनुगमनबाट दिइएका सुझावहरूको कार्यान्वयन अवस्थाको नियमित रूपमा अनुगमन गर्ने तथा आवश्यकता अनुसार थप अनुगमन समेत गर्न सकिनेछ ।

**(३) सघन अनुगमनः** सहकारी संघसंस्थाहरूको सघन अनुगमन देहाय बमोजिम हुनेछः-

क) सघन अनुगमन गर्दा अनुगमन टोलीले अनुसूची- २ बमोजिमको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको परिमाणात्मक र गुणात्मक पक्ष (PEARLS) तथा सदस्य केन्द्रीयता सूचक समेत देखिने सूचकहरू उल्लिखित अनुगमन निरीक्षण फाराम सोको आधारमा अनुगमन प्रतिवेदन तयार गर्नेछ । बचत तथा ऋण बाहेक मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको हकमा अनुसूची- ३ बमोजिमको अनुगमन तथा निरीक्षण फाराम भरी सोको आधारमा अनुगमन प्रतिवेदन तयार गरिनेछ ।

ख) सघन अनुगमन गर्दा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक तथा अन्य निकायको समेत सहयोग लिन सकिनेछ ।

ग) संघ संस्थाको सघन अनुगमन सम्पन्न भएपछि सोको ७ दिनभित्र अनुगमन टोलीले अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ) सघन अनुगमन टोलीबाट प्रतिवेदन प्राप्त भएपछि नगरपालिकास्तरीय अनुगमन समितिबाट सम्बन्धित संघसंस्थाका सञ्चालक समिति र लेखा पदाधिकारिहरूलाई प्रतिवेदनमा देखिएका कैफियतहरू र दिइएका निर्देशनहरूको सम्वन्धमा संस्थाको प्रारम्भिक प्रतिक्रिया सहित बोलाई छलफल गरिनेछ ।

ङ) उपखण्ड (घ) बमोजिमको छलफलपछि दिइएका निर्देशनहरू कार्यान्वयनका लागि सम्बन्धित संघ संस्थाका पदाधिकारिहरूलाई प्रतिबद्धता गराइनेछ ।

च) उपदफा (६) बमोजिम निर्देशन कार्यान्वयनका लागि प्रतिबद्धता गरेपछि संस्थाले १५ दिनभित्र अनुगमनबाट दिइएका निर्देशनहरू कार्यान्वयन गर्नका लागि अनुसूची- ४ बमोजिमको ढाँचामा १ वर्षको कार्य योजना तयार गरी सञ्चालक समितिबाट पारित गराई दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ र सो कार्ययोजना बमोजिमको प्रगति विवरण समेत मासिक रूपमा दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

छ) सघन अनुगमनबाट दिइएका सुझावहरूको कार्यान्वयन अवस्थाको नियमित रूपमा फलो-अप गरिनेछ तथा आवश्यकता अनुसार पुनः अनुगमन समेत गर्न सकिनेछ ।

ज) आवश्यक अन्य कार्यहरू गर्न सकिनेछ ।

(४) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐन र प्रचलित सहकारी कानूनमा भएको व्यवस्था बमोजिम दर्ता गर्ने अधिकारी वा नगर कार्यपालिका वा कार्यपालिकाको सम्बन्धित समिति वा सहकारी हेर्ने शाखा स्वयंले सहकारी संघ संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्न कुनै बाधा पर्नेछैन ।

(५) संघ तथा प्रदेश कानूनमा गरिएको व्यवस्थालाई समेत अनुगमन तथा निरीक्षण सम्बन्धी थप आधारहरू बनाउन सकिनेछ ।

**१५. <u>अनुगमन सुविधाः</u>**

(१) अनुगमनमा खटिने जनशक्तिलाई अनुगमन कार्यमा खटिदा प्रति दिन एकहजार रूपैयाँ अनुगमन खर्च बापत उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिम सुविधा पाउने गरी अनुगमनका लागि जनशक्ति खटाउदा संस्थाको कारोबारको अवस्था हेरी एक संस्थामा बढीमा तीन दिनको लागि दुई जनासम्म जनशक्ति खटाउन सकिनेछ । तोकिएको समयभित्र अनुगमन सम्पन्न गरी प्रतिवेदन पेश गर्नु सम्बन्धित जनशक्तिको कर्तव्य हुनेछ ।

## परिच्छेद-६

## लेखा परीक्षण तथा लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरू

**१६. <u>लेखा परीक्षक सम्बन्धी व्यवस्थाः</u>**

(१) सहकारी संघ संस्थाहरूको ऐनको दफा ५४, ५५ र ५६ बमोजिम लेखापरीक्षक नियुक्ति पश्चात् सोको जानकारी निम्न विवरण सहित तीन दिनभित्रमा दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछः-

(क) लेखापरीक्षकको नाम र ठेगाना,

(ख) विगत तीन वर्षको नियुक्त लेखापरीक्षकहरूको नाम, ठेगाना,

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(ग) लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्रको प्रतिलिपि,

(घ) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धी साधारण सभाको निर्णयको प्रतिलिपि,

(ङ) सम्बन्धित लेखापरीक्षकले आफू संस्थाको लेखापरिक्षक नियुक्त हुन अयोग्य नभएको भनी दिएको लिखित जानकारीको प्रतिलिपि,

(च) लेखापरीक्षकको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) लेखापरीक्षकको कार्यक्षेत्रगत शर्त (Term of Reference) ।

(२) सहकारी संघ संस्थाहरूले लेखापरीक्षक नियुक्ति गरेको प्रक्रिया नमिलेको वा अयोग्य भएको देखिएमा आवश्यक जाँचबुझ गरी दर्ता गर्ने अधिकारीले अर्को लेखापरीक्षक नियुक्तिको लागि सात दिनभित्र निर्देशन दिनुपर्नेछ र संस्थाले पुनः प्रक्रिया पूरा गरी अर्को लेखापरीक्षक नियुक्ति गरी जानकारी दिनुपर्नेछ ।

**१७. <u>लेखा परीक्षकले पालना गर्नुपर्ने मापदण्ड तथा कर्तव्यः</u>**

(१)लेखा परीक्षकले संघ संस्थाको लेखापरीक्षण गर्दा प्रचलित सहकारी तथा लेखापरीक्षण कानूनहरूले निर्दिष्ट गरेको व्यवस्थाका अतिरिक्त देहायका मापदण्डहरूको पालना गर्नुपर्नेछः-

(क) रू. १ करोड भन्दा बढी बचत परिचालन गर्ने संघ संस्थाको लेखापरीक्षण गर्दा अनिवार्य रूपमा अनुसूची- ५ बमोजिमको ढाँचामा निम्न विषय समेत खुल्न गरी लङ फर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछः-

१) कार्यक्षेत्र बाहिर र गैर सदस्यसँग कारोबार गरे नगरेको, गरेको भए त्यस्ता व्यक्ति त्तवा निकायहरूको संख्या र कारोबारको विवरण,

२) बचत तथा ऋणको कारोबार गर्ने संघ संस्थाको PEARLS का आधारमा वित्तीय अवस्था,

३) शेयर सदस्यहरूलाई शेयर लगानीको १८ प्रतिशतसम्म मात्र लाभांश बाड्न पाइने प्रावधान विपरीत अन्य कुनै नामबाट थप रकम उपलव्ध गराए नगराएको, गराएको भए सोको विवरण स्पष्ट रूपमा उल्लिखित गर्ने,

४) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पारिश्रमिक तथा अन्य सुविधाहरू र सोको आधार,

५) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पेश्की रकम, पेश्की लिनुको उद्देश्य र पेश्की लिएको अवधि,

६) समितिका पदाधिकारी र व्यवस्थापकको नाममा रहेको ऋण रकम, ब्याज दर, ऋणको किसिम, भुक्तानीको अवस्था र ऋण स्वीकृतिको प्रक्रिया,

७) निजी कम्पनी वा फर्ममा गरिएको ऋण वा शेयर लगानी र त्यस्तो कम्पनी वा फर्मको धनी वा सञ्चालकहरू एवं सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारीहरू एकै भए नभएको विवरण,

८) जगेडा कोषको व्यवस्था र उपयोग,

९) ढुकुटी, कारोबार काउन्टर र मार्गस्थल नगदको बीमा व्यवस्था भए नभएको, भएको भए सोको विवरण,

१०) जोखिम कोषको व्यवस्था र जोखिममा रहेको लगानी,

११) आन्तरिक नियन्त्रण पद्दति प्रभावकारी भए नभएको सोको आधार,

नगरपालिकाको सहकारी संघ संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

१२) लेखा समितिको सक्रियता, प्रभावकारिता र दिइएका सुझावहरूको कार्यान्वयनको अवस्था,

१३) लिने दिने ब्याज दरको औसत स्प्रेड दर र लिने दिने ब्याजको अन्तर,

१४) ऋण प्रवाहमा लिइएको सेवा शुल्कको दर र ऋण प्रवाहको काममा हुने खर्चसँगको तादम्यता,

१५) कूल ऋण तथा शेयर लगानी एवं सम्पत्ति खरिदको शीर्षकगत विवरण,

१६) लगानीको सुरक्षणको अवस्था र धितोको अवस्था,

१७) नियमानुसार सरकारी राजस्व कट्टी र दाखिलाको अवस्था,

१८) यसअघि गरिएको अनुगमन निरीक्षण प्रतिवेदन र सुझावहरूको कार्यान्वयनको अवस्था,

१९) साधारणसभा एवं अन्य बैठकको नियमितता,

२०) यस मापदण्ड बमोजिम पालना नगरिएका प्रमुख व्यवस्थाहरू ।

(ख) खण्ड (क) मा उल्लिखित मापदण्ड सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित निकायमा लिखित रूपमा सुझाव माग गर्न सकिनेछ । यसरी सुझाव माग गरिएकोमा एक महिनाभित्र स्पष्ट सुझावहरू लिखित रूपमै दिनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम दिइएको सुझाव र खण्ड (क) बमोजिमका मापदण्ड अनुसारका यथार्थ विवरणहरू प्रतिवेदनले प्रकाश नपारेमा सोको लेखापरीक्षण गर्ने लेखा परीक्षकलाई नियमानुसार आवश्यक कारबाहीका लागि आरोपलाई पुष्ट्याई गर्ने आवश्यक कागजात सहित नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा उजुरी गरिनेछ ।

(२) लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरेको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन सहकारी संस्थाको व्यवस्थापकीय प्रक्रियाका लागि उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रारम्भिक प्रतिवेदन प्राप्त भएको सात दिनभित्र व्यवस्थापकीय प्रतिक्रिया प्राप्त भएकोमा उपयुक्त लागेको परिमार्जन समेत समावेश गरी सात दिनभित्र अन्तिम प्रतिवेदन संख्यामा पेश गर्नुपर्नेछ ।

(४) सहकारी संघ संस्थाले उपदफा (३) बमोजिम पेश हुन आएको प्रतिवेदन साधारण सभाबाट अनुमोदन भएको पन्ध्र दिनभित्र नगरपालिकामा पठाउनुपर्नेछ ।

(५) लेखापरीक्षकले सहकारी संघ संस्थाका साधारण सदस्यहरूको हितलाई ध्यानमा राखी स्वतन्त्र, निर्भीक एवं पेशागत अनुशासनका अधीनमा रही आर्थिक कारोबारहरूको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता तथा औचित्य समेतको जाँच गर्नुका साथै व्यवसायिक सेवा सञ्चालनबाट उत्पन्न वित्तीय परीणामहरू, जोखिमावस्था तथा सावधानीजनक मानकहरूको पालनाको लेखाजोखा गरी स्थिति विवरण-पत्रले सहकारी संस्थाको सम्पत्ति तथा दायित्वको साँचो र मुनासिब अवस्था दर्शाए, नदर्शाएको निष्कर्षसहित प्रतिवेदन दिने कर्तव्य लेखापरीक्षकको हुनेछ।

## परिच्छेद-७

## उजुरी तथा छानबिन

**१८. उजुरी सम्बन्धी व्यवस्थाः**

...नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(१) ऐन तथा प्रचलित सहकारी कानूनमा भएको व्यवस्थाका अतिरिक्त उजुरी सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) ऐन, प्रचलित सहकारी कानून तथा यस मापदण्डको प्रतिकूल हुने गरी सहकारी संघ संस्था, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी एवं सदस्य, व्यवस्थापक, कर्मचारी तथा शेयर सदस्यले कार्य गरेमा वा तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/ नबुझाएमा नगरपालिकामा उजुरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी गर्दा संस्था वा सदस्यले अनुसूची- ६ बमोजिमको ढाँचाको उजुरी सम्बन्धी निवेदन सहित आफैले प्रमाणित गरी निम्नानुसारका कागजात तथा प्रमाण पेश गर्नु पर्नेछः-

(क) नाम, ठेगाना र सम्पर्क नम्बर खुल्ने निवेदन पत्र,

(ख) तिर्नु/बुझाउनु पर्ने रकम पुष्टि हुने रसिद/भौचर/नगद पास बुकको प्रतिलिपि,

(ग) सदस्यता प्रमाणपत्रको प्रतिलिपी,

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(ङ) अन्य प्रमाण तथा कागजात भए सोको प्रतिलिपी ।

**१९. <u>छानबिन सम्बन्धी व्यवस्थाः</u>** ऐन तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त छानबिन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) दफा १८ बमोजिमको उजुरी प्राप्त भएपछि सम्बन्धितलाई सो सम्बन्धमा पत्राचार गरी तिर्नु/बुझाउनु पर्ने रकम तिर्न/बुझाउन वा सफाइ पेश गर्ने मौका प्रदान गरिनेछ,

(ख) खण्ड (क) बमोजिम तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा वा सन्तोषजनक सफाइ पेश नगरेमा थप प्रमाण झिकाइ वा अनुगमन गरी वा नगरी थप कारबाही गर्न सकिनेछ,

(ग) खण्ड (क) र (ख) का अतिरिक्त सामान्य प्रकृतिका विवादमा सम्बन्धित पक्षहरूबीच छलफल गराई विवादको समाधान गर्नमा भूमिका निर्वाह गर्न सकिनेछ ।

## परिच्छेद-८

## विविध

**२०. <u>लाभांश वितरणमा प्रतिबन्धः</u>** सहकारी संस्थाले संस्थाको अघिल्लो वर्षसम्मको खुद संचित नोक्सान पुरा नभएसम्म सदस्यहरूलाई लाभांश बाड्न पाईने छैन । ऐनले तोकेभन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरूलाई लाभांश बाड्न पाइने छैन ।

**२१. <u>जगेडा कोषमा सार्नुपर्नेः</u>** सहकारी संघ संस्थाले वितरण गरी बाँकी रहेको शेयर लाभाशं कोष संरक्षित पूँजी फिर्ता कोष र कर्मचारी बोनश कोषको रकम सोही वर्ष अनिवार्य रूपमा जगेडा कोषमा सार्नुपर्नेछ ।

**२२. <u>निष्क्रिय संघ संस्थाः</u>** (१) लगातार २ (दुई) वर्ष देखि लेखापरीक्षण नगराउने, वार्षिक साधारणसभा नगर्ने र नगरपालिका तथा सम्बन्धित निकायमा समेत नियमित रूपमा विवरण नबुझाउने सहकारी संघ संस्थाहरूलाई निष्क्रिय सहकारी संघ संस्था मानी सोको विवरण सार्वजनिक गरिनेछ ।

नगरपालिकाको सहकारी संघ संस्था सञ्चालन, अनुशासन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

(२) नियमित रूपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारणसभा सम्पन्न नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरू, प्रचलित कानून तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संघ संस्थाहरूलाई नगरपालिकाबाट कुनै सेवा सुविधाहरू उपलब्ध गराइने छैन ।

(३) निष्कृय सूचीमा रहेका संघ संस्थाहरूलाई प्रचलित कानून बमोजिम दर्ता खारेज तथा विघटनको प्रक्रियामा लगिनेछ ।

**२३. <u>विनियम संशोधन नगरिने:</u>** संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्नेछैन । यससम्बन्धी अन्य व्यवस्था ऐन तथा विनियम बमोजिम हुनेछ ।

**२४. <u>आचारसंहिता सम्बन्धी व्यवस्था:</u>** संघ संस्थाले सहकारी मूल्य र सिद्धान्तहरू ऐन, प्रचलित सहकारी कानून तथा विनियममा आधारित भई संघ संस्थाको पदाधिकारी र सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्नुपर्नेछ ।

**२५. <u>सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्थाः</u>**

(१) संघ संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नुपर्नेछ ।

(२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरू बसोबास गर्ने क्षेत्रमा गर्नुपर्नेछ ।

(३) संघ संस्थाको कार्यालय स्थापना गरेको सात दिनभित्र दर्ता अधिकारीलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(४) संघ संस्थाको कार्यालय सार्नु पर्दा दर्ता अधिकारीको पूर्व स्वीकृति लिई मात्र सार्नुपर्नेछ । कार्यालय सरेको सार्वजनिक रूपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नुपर्नेछ ।

**२६. <u>मासिक विवरण अध्यावधिक रूपमा राख्ने र दर्ता अधिकारीलाई पठाउनेः</u>**

(१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरूले आर्थिक तथा प्रशासनिक अभिलेखहरू मासिक रूपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोबारको विवरण सदस्यहरूको जानकारीको लागि संघ संस्थाको कार्यालयले प्रकाशित गर्नुपर्नेछ ।

(२) वार्षिक रू. १ करोड भन्दा बढी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूले अनुसूची-७ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले सात दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष विवरण पेश गर्नुपर्नेछ । विवरण दाखिला नगर्ने संस्थालाई ऐन बमोजिम कारबाही हुनेछ ।

**२७. <u>सञ्चालक र लेखा सुपरीवेक्षण समितिको उम्मेदवार हुने व्यक्तिले मनोनयन पत्र पेश गर्ने:</u>** संघ संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिमा उम्मेदवार हुने व्यक्तिले अनुसूची- ८ बमोजिमको ढाँचामा मनोनयन पत्र निर्वाचन समिति समक्ष पेश गर्नुपर्नेछ ।

**२८. <u>लेखा सुपरिवेक्षण समितिले प्रतिवेदन पेश गर्नुपर्ने:</u>** सहकारी संस्था वा संघको लेखा सुपरीवेक्षण समितिले प्रत्येक चौमासिकको आन्तरिक लेखापरीक्षण प्रतिवेदन सञ्चालक समिति समक्ष र वार्षिक साधारणसभामा अनुसूची- ९ बमोजिमको वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२९. **सम्पत्ति खरिद बिक्री गर्दा पारदर्शिता अपनाउनु पर्नेः** (१) संघ संस्थाले अचल सम्पत्ति खरिद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरिद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरूको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

(२) संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरिद वा बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको बारेमा अनुगमन गरी आवश्यक निर्देशन दिन सकिनेछ।

३०. **सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुनेः** संघ संस्थाको सम्पत्तिहरू आफ्नै नाममा राख्नु पर्नेछ। सम्पत्तिहरू व्यक्ति वा अन्य कुनै निकायको नाममा राखेको पाइएमा सम्बन्धित पदाधिकारी र निर्णयमा सहभागी पदाधिकारीहरूलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

३१. **विज्ञापन मार्फत् सदस्यता विस्तार गर्नमा प्रतिवन्धः** संस्थाले सार्वजनिक रूपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर बिक्री, बचत सङ्कलन र ऋण प्रवाह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

३२. **नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नुपर्नेः**

(१) बचत तथा ऋणको कारोबार गर्ने प्रत्येक संघ संस्थाले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोबार काउन्टरको बीमा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरिएको भन्दा बढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

(३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोबार गर्ने र कुनै सञ्चालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

३३. **बचत तथा ऋणको वित्तीय कारोबार गर्ने संस्थाले गर्न नहुने कामहरुः** बचत तथा ऋणको वित्तीय कारोबार गर्ने संस्थाले सहकारी कानून, विनियम र आन्तरिक नियम, कार्यविधि आदिले बन्देज गरेका कामका अतिरिक्त देहायका कामहरू गर्नु गराउनु हुँदैनः-

(क) वासलात बाहिरको कारोबारहरू (जस्तैः प्रतितपत्र, जमानत आदि),

(ख) सदस्यहरूलाई अधिविकर्ष (overdraft) कर्जा प्रवाह,

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद बिक्री तथा सञ्चालकहरूको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी,

(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक बीना सुरक्षणमा कर्जा प्रवाह,

(ङ) सुन चाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह,

(च) चल्ती खाता संचालन गर्ने,

(छ) एकमुष्ट ३ वर्षभन्दा बढी अवधिको आवधिक बचत स्वीकार गर्ने,

(ज) विदेशी मुद्राको कारोबार वा मुद्रा विनिमय ।

**३४. <u>सम्पत्ति शुद्धीकरण निवारण ऐन नियमको कार्यान्वयनः-</u>**

(१) वित्तीय कारोबार गर्ने सहकारीका संघ संस्थाले प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, नियमावली र निर्देशिकामा भएका व्यवस्थाहरू अनिवार्य रूपमा पालना गर्नु गराउनुपर्नेछ ।

(२) वित्तीय कारोबार गर्ने संघ संस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रूपमा अभिलेख राख्नुपर्नेछ ।

(३) वित्तीय जानकारी इकाइमा पठाउनुपर्ने विवरण नियमित र निरन्तर रूपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थाले सञ्चालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नुपर्नेछ।

(४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरू उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संघ संस्थाको कर्तव्य हुनेछ ।

**३५. <u>बचाउः</u>**

(१) यसअघि भए गरेका काम कारबाहीहरू यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्डमा उल्लिखित व्यवस्थाहरूको पालनाका लागि मापदण्ड जारी भएपछि साधारणसभामा विनियम संशोधनका लागि प्रस्ताव पेश गरी पारित गराई कार्यान्वयन गर्नु गराउनु पर्नेछ । विनियममा गरिएको व्यवस्थाहरू यस मापदण्डसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) यस मापदण्डमा उल्लिखित भएका विषयहरू यसै बमोजिम र नभएका विषयहरूका सम्बन्धमा संघीय कानूनहरूलाई आधार बनाइनेछ ।

(४) यस मापदण्डका विषयहरू संघ तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(५) सहकारी हेर्ने सङ्घीय तथा प्रदेश मन्त्रालय वा विभाग वा कार्यालयबाट यस मापदण्ड भन्दा फरक हुने गरी कुनै कानून वा निर्देशन जारी भएमा सोही बमोजिम हुने गरी यो मापदण्ड कार्यान्वयन भएको मानिनेछ ।

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन अनुगमन तथा लेखापरीक्षा सम्बन्धी मापदण्ड, २०८०

## अनुसूची १

### (दफा १४ सँग सम्बन्धित)

### सहकारी संघसंस्थाहरूको नियमित अनुगमन फाराम

**क. संस्थाको परिचय**

१) सहकारी संस्थाको नामं :-

२) दर्ता नः- दर्ता मिति :- दर्ता भएको कार्यालय :-

३) ठेगाना :-

४) शेयर पूँजी :- (प्रति शेयर रू :- )

५) कार्यक्षेत्र :-

६) सञ्चालक समितिको सदस्य संख्या :- महिलाः पुरूषः जम्माः

७) कर्मचारी संख्या :- महिलाः पुरूषः जम्माः

८) सदस्य संख्या :-

जम्मा पुरूषः महिलाः संस्थागतः

९) बचतकर्ताहरूको संख्याः-

जम्मा पुरूषः महिलाः संस्थागतः

१०) ऋणीहरूको संख्या

जम्मा :- पुरूषः- महिला :- संस्थागत :-

११) प्रयोग गरेको सफ्टवेयर :-

गरेको भए सञ्चालक समितिबाट निर्णय भए, नभएकोः

१२) सहकारी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भए, नभएकोः

आबद्ध भए नियमित अद्यावधिक गरेको, नगरेकोः

१३) सदस्य सेवा केन्द्र वा अन्य कुनै सम्पर्क कार्यालय भए/नभएको, भए संख्याः

१४) सम्पर्क व्यक्तिको नाम :

पदः मोवाइल नं :

ख संस्थाको गतिविधिको सामान्य जानकारी (अनुगमन अवधिसम्म संक्षिप्त वित्तीय विवरण)

नगरपालिकाको सहकारी संघसंस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

क. शेयर पूँजी : रू.

ख. कूल बचतः रू.

ग. कूल ऋण लगानी : रू.

घ. चालु आ.व. को हालसम्ममा सदस्य उत्पादन खरिदः रू.

ङ. चालु आ. व. को हालसम्ममा सदस्यलाई सामाग्री बिक्री : रू.

च. चालु आ. व. को हालसम्ममा सदस्यको उत्पादन बिक्री : रू

छ. चालु आ.व.को हालसम्ममा कूल आम्दानी : रू.

ज. चालु आ. व. को हालसम्ममा कूल खर्च : रू.

**ग) निम्न विषयहरूको अनुगमन गर्नेः-**

१. संस्थाले ऐनको दफा ४७ बमोजिम मुख्य र सहायक कारोबारको मापदण्ड मिलान गरे नगरेकोः

२. बचत तथा ऋणको कारवारको हकमा संस्थाले PEARLS मापदण्डको पालना गरे नगरेकोः

३. भाखा नाघेको ऋणको अवस्था र सो बमोजिम जोखिम व्यहोर्ने कोषको व्यवस्था गरे नगरेकोः

४. नियमित रूपमा आन्तरिक तथा बाह्य लेखापरीक्षण भएको वा नभएकोः

५. निर्दिष्ट समयमै ३० दिनको समय दिई साधारणसभा भएको वा नभएकोः

६. नियमित रूपमा वार्षिक प्रतिवेदन बुझाएको वा नबुझाएकोः

७. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितको बैठक नियमित रूपमा भएको वा नभएकोः

८. लेखा सुपरीवेक्षण समितिले नियमित रूपमा संस्थाको आर्थिक कारोबारको सुपरिवेक्षण गरी सञ्चालक समितिलाई आन्तरिक लेखापरीक्षण प्रतिवेदन सहित सुझाव दिने कार्य गरे नगरेकोः

९. संस्थाले स्वीकृत कार्यक्षेत्र भन्दा बाहिर कारोबार गरे नगरेकोः

१०. सस्थाले स्वीकृति विना सेवाकेन्द्रहरू संचालन गरे नगरेकोः

११. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको अवधि समाप्त हुनुअघि निर्वाचन गरी नयाँ समितलाई जिम्मेवारी सुम्पे नसुम्पेकोः

१२. कार्यबोझका आधारमा कर्मचारी दरबन्दी विश्लेषण गरी साधारणसभाबाट स्वीकृत गरे नगरेकोः

१३. स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राखी तलब तथा सेवा सुविधा भुक्तानी गरे नगरेकोः

१४. नेपाल सरकारले तोकेको लेखामान अनुरूप लेखा अभिलेख राखे नराखेकोः

१५. संस्थाबाट उपलब्ध सेवा सुविधाका सम्बन्धमा सेवा, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, सेवा शुल्क, ब्याज, हर्जाना, जिम्मेवारी शाखा/कर्मचारी र सेवाका शर्तहरू समावेश भएको बडापत्र जारी भए नभएकोः

ठाकुरबाबा नगरपालिकाको सहकारी संघ संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

१६. संस्थाको समिति, उपसमिति, पदाधिकारी, सदस्यहरू, शेयर सदस्यहरू एवं कर्मचारीहरूका लागि आचारसंहिता लागू गरे नगरेकोः

१७. सदस्यहरूलाई सहकारी शिक्षा, वित्तीय साक्षरता, सामाजिक उत्तरदायित्व, व्यवसायिकता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरे नगरेकोः

१८. गुनासो सुनुवाईको संयन्त्र, अभिलेखीकरण सम्बन्धी कार्यविधि लागू गरे नगरेकोः

१९. आन्तरिक विवाद निरुपणका लागि आवश्यक कार्यविधि र संयन्त्रको विकास गरी लागू गरे नगरेकोः

२०. संस्थामा रहेको नगद र ढुकुटी (भल्ट) को बीमा गरे नगरेकोः

२१. संस्थामा रहेको नगद र ढुकुटी (भल्ट) को भन्दा कम हुने गरी बीमा गरे नगरेकोः

२२. ऋण जोखिम व्यवस्थापन प्रभावकारीताका लागि ऋण उपसमितिले जोखिम विश्लेषण गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गरे नगरेकोः

२३. संस्थाले ATM, QR Code, Mobile banking लगायतका विद्युतीय प्रविधि प्रयोग गरी सेवा प्रवाह गर्दा विनियममा समावेश गरी साधारणसभा र नगरपालिकाबाट स्वीकृत गराएको नगराएकोः

२४. आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न लेखा सुपरीवेक्षण समितिको सक्रियता रहे नरहेकोः

२५. अन्तिम लेखा परीक्षण प्रतिवेदन तोकिएको ढाँचामा पेश भए नभएकोः

२६. शेयर सदस्य बनाउन वा बचतमा ब्याज दिने कुरामा कुनै प्रलोभनजन्य सूचना वा विज्ञापन सामाजिक सञ्जाल वा छापामा गरे नगरेकोः

२७. संस्थाका पदाधिकारी वा कर्मचारीलाई दिइएको ऋणको ब्याज कम र शेयर सदस्यबाट लिने ऋणको ब्याज बढी भए नभएकोः

२८. पदाधिकारीलाई वितरण गर्ने लाभांशको प्रतिशत बढी र शेयर सदस्यलाई वितरण गर्ने लाभांशको प्रतिशत कम रहे नगरेहकोः

२९. विद्युतीय सेवा सेवाप्रवाह गर्ने संस्था र सो सेवा प्रदायकबीच भएको सम्झौताको प्रति नियामक निकायमा सम्झौता भएको मितिले १ (एक) महिना भित्र पेश गरेको नगरेकोः

३०. सहकारी संस्थाले भवन, जग्गा, गोदाम, शीत भण्डार लगायतका अचल सम्पत्ती खरिद गर्नुपर्ने भएमा अनिवार्य रूपमा साधारण सभाको निर्णय गराए नगराएकोः

३१. अचल सम्पत्ति खरिद गर्दा सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्रै गरिएको नगरिएकोः

३२. यसरी खरिद गर्दा अनिवार्य रूपमा प्राथमिक पूँजी कोषको दायित्व विश्लेषण गरी प्राथमिक पुँजी कोष र कुल बचत दायित्वको निर्धारित सीमाभित्र रही खरिद भए नभएकोः

३३. यस्तो खरिद गर्दा तत्काल कायम रहेको जगेडा कोषको पचास प्रतिशतभन्दा बढी खर्च हुने गरी गरे नगरेकोः

ठाकुरबाबा नगरपालिकाको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०८०

३४. साधारणसभाको अधिकार क्षेत्रभित्र पर्ने सदस्यको दायित्व मिनाहा गर्ने विषय, सञ्चालक समितिको भत्ता निर्धारणको विषय, कोषको बाँडफाँड एवं लाभांश वितरणको विषय, लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने विषय तथा व्यवस्थापकको पारिश्रमिक तथा सुविधा तोक्ने विषय, संस्थाले लिने ऋण दायित्वको अधिकतम सीमा तोक्ने विषय, संस्था एकीकरण, विघटन तथा विभाजन गर्ने विषय, स्थिर सम्पत्ति खरिदको विषय र कुनै खास काम स्पष्ट तोकी सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने विषय लगायतका अधिकार संस्थाको साधारण सभाले मात्र प्रयोग गरे नगरेकोः

३५. सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरूमा रहने सदस्यहरुले निर्वाचन भएको तीन महिना भित्र सहकारी सम्वन्धी तालिम लिए नलिएकोः

३६. संस्थाको लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचन गर्दा सहकारी सम्वन्धी तालिम र अनुभव भएको सदस्य भए नभएकोः

३७. विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन गरे नगरेकोः

३८. कुल पूँजी कोषको अधिकतम १० (दश) प्रतिशतमा नबढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गरे नगरेकोः

३९. आफ्नै वा मानो नछुट्टिएको एकाघर परिवारको मञ्जुरीनामा लिएर बाहेक सदस्यहरुलाई तेस्रो पक्ष धितो (third party collateral) राखी ऋण प्रवाह गरे नगरेकोः

४०. निष्क्रिय कर्जा कुल ऋणको ५% भन्दा कम कायम गरे नगरेकोः

४१. असल ऋणमा १%, १२ महिना महिनासम्मको भाखा नाघेको ऋणमा ३५% र १२ महिनाभन्दा बढी भाखा नाघेको भएमा १००% हानी व्यवस्था गरे नगरेकोः

४२. नकमाउने सम्पत्ति (घरजग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाता लगायत) कुल सम्पत्तिको ५% भन्दा कम कायम गरे नगरेकोः

४३. एकै प्रकृतिको खातामा एकै समयमा विभिन्न सदस्यहरुबाट संकलित बचतको व्याजदरमा फरक पर्ने गरी व्याज प्रदान गरे नगरेकोः

४४. एउटै शीर्षकबाट एकै अवधिमा ऋण लगानी गर्दा फरक व्याजदर कायम गरे नगरेकोः

४५. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कुल ४९% भन्दा बढी पदाधिकारीहरुले एकैपटक संस्थाबाट ऋण लिए नलिएकोः

४६. संस्थाले सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यलाई प्रवाह गरेको ऋण र धितोको विवरण नियामक निकायमा मासिक रुपमा पठाए नपठाएकोः

४७. अचल सम्पत्ति बिक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको बिक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को नाफामा समावेश गरी वितरण/खर्च गरेको नगरेकोः

४८. सबै समयमा तरलता (liquidity) कम्तीमा कुल बचतको १०-१५% कायम राखेको र १०% भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गरे नगरेकोः

४९. १ लाखभन्दा बढीको ऋण प्रवाह गर्दा व्यक्तिगत धन जमानी वा सामूहिक जमानी वा धितो लिएर मात्रै गरे नगरेकोः

५०. ऋणको क्षेत्रगत वर्गीकरण गरे नगरेकोः

५१. कुल ऋणको ५१% ऋण उत्पादनमूलक तथा आयमूलक व्यवसायमा लगानी गरे नगरेकोः

५२. सन्दर्भ ब्याजदर लागू गरे नगरेकोः

५३. महामारी वा विपद्को घोषणाको समय बाहेक ऋणको पुनर्तालिकीकरण वा पुनसंरचना गरे नगरेकोः

५४. सहकारी संस्थाले नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरुप लेखा अभिलेख राखे नराखेकोः

५५. अन्तिम वा बाह्य लेखापरीक्षण गराउँदा राष्ट्रिय लेखामान अनुरुप लेखा राखे नराखेको, सहकारी ऐन नियम र यस निर्देशनको परिपालना भए नभएको, सम्पत्ति शुद्धीकरण निवारण कानून तथा निर्देशनको पालना भए नभएको, सहकारीका मानक अनुरुप लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकको विशेष टिप्पणीसहितको लङ्गफर्म समेत समावेश गरे नगरेकोः

५६. तोकिए बमोजिमको योग्यता भएको लेखापरीक्षक नियुक्ति र सोको पारिश्रमिक सम्बन्धी निर्णय साधारण सभाबाट गरे नगरेकोः

५७. लेखापरीक्षक नियुक्ति सम्बन्धी जानकारी समयमै नियामक निकायमा गरे नगरेकोः

